NJ: NUTA

# भाषिक परिवर्तनको अध्ययन

**दावा शेर्पा**[1]
[1]नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय नेपाल
Corresponding email: sherpadawa2023@gmail.com
DOI: https://doi.org/10.3126/nutaj.v9i1-2.53861

**लेखसार**

संसारका कुनै पनि जीवित भाषाका भाषिक ध्वनि, शब्द, पद, वाक्य र अर्थमा परिवर्तन हुन्छ । ग्रिम नियमअनुसार मूल भारोपली भाषाका घोष अल्पप्राण व्यञ्जन ग, द, ब जर्मनिक भाषामा अघोष अल्पप्राण क, त, प, मा घोष महाप्राण घ, ध, भ जर्मनिक भाषाका ग, द, ब, मा अघोष अल्पप्राण क, त, प जर्मनिक भाषाका सङ्घर्षी अघोष महाप्राण ख, (ह), थ, फ र घ, ध, भ,मा परिवर्तन हुन्छ । भाषिक ध्वनि परिवर्तन समीभवन, विषमीभवन, विपर्यास, आगम र लोप प्रक्रियाबाट हुन्छ । प्रगत समीभवन : संस्कृतमा अग्नि > प्राकृतमा अग्गो > आगो, भई ग् ← न्, मा समीभूत भएको छ । परागत समीभवन : भक्त > प्राकृतमा भत्त> भात, पारस्परिक समीभवन : अद्य > प्राकृतमा अज्ज (आज) भई ध्वनि परिवर्तन भएका छन् । विषमीभवन : पिशाच > पिचास, विपर्यास : विरामी > विमारी । आगम : स्कुल > इस्कुल । त्यसैगरी पहिले छोरीलाई 'चेली' भनिन्थ्यो तर आजभोलि दिदी, बहिनी र छोरीलाई 'चेली' भन्नु अर्थविस्तार हो । पहिले 'मरिच' शब्दले पिरो पदार्थलाई जनाउँथ्यो तर हाल आएर खास पिरो पदार्थ मात्र जनाउनु अर्थसङ्कोच हो भने सुखिमवासीको अर्थ नेपालबाट सुखिम वा सिक्किम गएर बस्ने हुन्थ्यो तर हाल आएर जायजेथा नभएको सुकुमवासी हुनु अर्थान्तर हो । आइन्छ > 'जाइन्छ' > 'गइन्छ' हुनु व्याकरणिक परिवर्तन वा सादृश्य हो । लोप : उपाध्याय > पाध्या । घोषीभवन : काक > काग, । अघोषीभवन : सबै > सपै, । महाप्राणभवन : कर्पार > खप्पर, र अल्पप्राणभवन : बुढो > बुडो, आदि ।

*शब्दकुञ्जी :* समीभवन, अर्थसङ्कोच, घोषीभवन, ग्रिमनियम, अर्थान्तर ।

## विषयप्रवेश

मानव सभ्यताको परिवर्तनसँगै भाषा पनि परिवर्तन भइरहेको हुन्छ । मानव समाज स्थिर नभई गतिशील रहेको छ । ज्ञान र विज्ञानका अनेक क्षेत्रमा भएका उपलब्धिले गर्दा नयाँनयाँ वस्तु, भाव, क्रिया र घटनाको जन्म भइरहन्छ । यस्तो अवस्थामा त्यस्ता वस्तु, भाव, क्रिया र घटनाहरूका बारेमा अभिव्यक्ति दिन भाषा परिवर्तन भइरहन्छ (यादव र रेगमी, २०५८ : १४) । मानवीय जीवन र सामाजिक संरचनामा पर्ने प्रभावले भाषा परिवर्तन हुन्छ । आधुनिक भाषाविज्ञानका जन्मदाता सस्युर (सन् १९५९) र ब्लुमफिल्ड (सन् १९३३) दुवै जनाले सबै भाषामा हुने परिवर्तन आफै व्यवस्थित हुने बताएका छन् (वार्डहाफ, सन् २००६ : १९१) । समयको अन्तरसँगै भाषामा परिवर्तन आइरहेको हुन्छ । भानुभक्तकालीन र पृथ्वीनारायण शाहको शासन कालमा बोलिने नेपाली भाषा र वर्तमान नेपाली भाषामा धैरै भिन्नता देखिनु यही समयको अन्तरले भाषा र भाषिकामा देखिएको भेद हो

(शेर्पा, २०७७ : ९) । जब हामी प्राचीन ढुङ्गे युगको मानव भाषासँग हालको उच्च सभ्यतासँगै विकसित भएको वर्तमान भाषालाई तुलना गर्छौं तब प्रशस्त भिन्नता पाउँछौं । ती भिन्नताहरू ध्वनि, रूप, शब्द, वाक्यका निश्चित प्रकारका अर्थमा पाउँछौं (ल्याडो, सन् १९६५ : ८) । विश्वको कुनै पनि यस्तो भाषा छैन, जो परिवर्तन नभएको होस् । जुन भाषा हिजो बोलिन्थ्यो त्यो आज त्यही रूपको हुँदैन । भाषामा हुने जुन परिवर्तन साधारण किसिमले वक्ताले थाहा पाउन सक्दैन (सिँजापति, २०५६ : ४८) । भाषिक परिवर्तन आउनु भनेको भाषिक एकाइका ध्वनि, वर्ण, रूप, शब्द, पदावली, उपवाक्य र वाक्यमा हुनु हो (गौतम र चौलागाई २०७० : ३१५) । परिवर्तन सृष्टिको प्रत्येक वस्तुमा निहित रहेको हुन्छ । कुनै पनि वस्तु सधैँ एउटै रूपमा रहन सक्दैन (शर्मा र शर्मा, सन् २०१३ : ७७) । भाषिक व्यवस्थामा निरन्तर परिवर्तन हुन्छ । यस प्रकारका परिवर्तन समाजमा बोलिने भाषाका विभिन्न तह अर्थात् वर्ण, व्याकरण र अर्थमा हुन्छ (बन्धु, २०७३ : १७५) । यसको अध्ययन ऐतिहासिक भाषा विज्ञानमा गरिन्छ । ऐतिहासिक भाषाविज्ञानले एकै समयका दुई वा सोभन्दा बढी भाषाको तुलना तथा एउटै भाषाको पनि विभिन्न कालका भाषाको तुलनात्मक अध्ययन गर्ने कार्यको थालनी गरी भाषिक परिवारको निर्धारण र तुलनात्मक अध्ययन गर्ने काम गर्दछ (ल्योन्स, सन् १९८१ : १७९) । ऐतिहासिक भाषा विज्ञानको अध्ययनानुसार धेरै आधुनिक युरोपियन भाषाहरू प्राचीन ल्याटिन भाषाबाट विकसित भएको पत्ता लाग्यो । अङ्ग्रेजी भाषाको विकास (Anglo-Saxon) बाट भएको हो तर हालको अङ्ग्रेजी र यसको बिचमा आकास पातालको अन्तर आएको छ । रोमन भाषाहरू फ्रेन्च, स्पेनिज, इटालियन, यी सबैको उत्पत्ति ल्याटिन भाषाबाट भएको हो तर हाल आएर ल्याटिन भाषा मृत भइसकेको छ (ल्योन्स, सन् १९८१ : १७९) । वास्तविक रूपमा संसारका सबै भाषामा निरन्तर र क्रमिक रूपमा परिवर्तन भइरहेको हुन्छ । भाषिक परिवर्तनका आफ्नै कारण र प्रकार हुन्छन् (शर्मा र लुइटेल, २०६० : २२९) । नेपाली भाषा संस्कृत भाषाका ध्वनिहरू प्राकृत, र अपभ्रंश हुँदै परिवर्तन भएर जन्मेको हो । नेपाली भाषामा पनि प्राचीन, मध्यकालीन समयको ध्वनि र आधुनिककालीन ध्वनिमा धेरै परिवर्तन भएको छ (सिँजापति, २०५६ : ४८) । कुनै पनि भाषाको प्रयोग समाजमा बोलेर गरिन्छ र बोल्दाबोल्दै कालान्तरमा भाषाको रूपमा नै परिवर्तन आउँछ । भाषामा आउने यस्तो परिवर्तन भाषाभाषीको सम्पूर्ण समाजमा हुन्छ तापनि त्यस भाषाका विभिन्न भाषिका क्षेत्रमा त्यो परिवर्तन भिन्न गतिमा पनि हुनसक्छ (बन्धु, २०७३ : १७५) । भाषाका वक्ताहरूको उच्चारण प्रक्रियामा फरक पर्नु, इतिहासक्रममा कुनै एक वर्ण, टुक्रिएर दुई वर्ण बन्नु, दुई वर्ण मिलेर एक वर्ण हुनु र कुनै वर्ण परिवर्तित भएर अर्कै वर्ण बन्दछ । यसरी संसारका कुनै पनि भाषामा आउने परिवर्तनझैं नेपाली भाषाका ध्वनि वा वर्ण, व्याकरण र अर्थमा भएका परिवर्तनका विषयलाई प्राज्ञिक समस्याकथन बनाई समस्याको समाधान गर्ने उद्देश्यले यो लेख तयार गरिएको छ ।

## समस्याकथन

प्रस्तुत लेख भाषा परिवर्तनसँग सम्बन्धित रहेको छ । संसारको कुनै पनि भाषा परिवर्तनशील हुन्छ (तिवारी, सन् १९९१ : ३४४) । भाषिक परिवर्तन भाषाका सबै स्तरका वाक्य, रूप, अर्थ, ध्वनि आदिमा हुन्छ । जस्तै : संस्कृतका 'घोटक' शब्द परिवर्तन हुँदा हुँदा हिन्दीमा 'घोडा' भयो–घोटक > घोडक > घोडअ > घोडा । अर्थात् 'ट' ध्वनि 'ड' भयो । 'क्' व्यञ्जन 'ग्' भई लुप्त हुन गयो भने 'क' का अ 'ड' को अ सँग मिलेर 'आ' ध्वनिमा परिवर्तन भएको छ । सस्युरले भाषिक व्यवस्थाको संरचना अध्ययन गर्न एककालिक र भाषाविकास वा परिवर्तनको अध्ययन ऐतिहासिक वा कालक्रमिकमा जोड दिएका छन् (श्रीवास्तव, सन् २०१३ : ३९) । भाषा व्यवहारको सरल वा सहज अर्थबोधक रूप प्रदान गर्ने प्रयत्नको कारण भाषामा धेर थोर परिवर्तन भइरन्छ । त्यो परिवर्तन ध्वनि, शब्द, पद, वाक्य, अर्थ यी सबै अङ्गमा हुन्छ (तिवारी, सन् २०१० : ११) । वैदिक भाषामा 'असुर' शब्दले 'देवता'

अर्थबोधक हुन्थ्यो तर हाल आएर 'राक्षस' भनिन्छ । नेपाली भाषाका प्राचीनकाल, मध्यकाल र वर्तमानकालका ध्वनि, शब्द, वाक्य र अर्थमा आएको परिवर्तनको अध्ययन नै प्रस्तुत लेखनको प्रमुख प्राज्ञिक समस्याकथन रहेको छ ।

## उद्देश्य

संसारका कुनै पनि भाषामा निरन्तर परिवर्तन भइरहेको हुन्छ । भाषिक उत्पत्तिकै कुरा गर्ने हो भने मानिसले बोल्ने भाषाको विकास लगभग एक लाख वर्षदेखि पचास हजार वर्ष पहिले भएको अनुमान गरिएको छ (युले, सन् २००६ : १) । भाषाको लेख्य रूपको विकास भने पाँच हजार वर्ष पहिलेदेखि मात्र भएको प्रमाण भेटिन्छ । चम्स्कीको सिद्धान्तअनुसार भाषा सिक्ने विशेष सामर्थ्य र सम्पादन गर्ने क्षमता मानिस मात्रमा हुन्छ (कुक, सन् १९९३ : १) । यही भाषिक सामर्थ्य र सम्पादन गर्ने क्रममा मानव सभ्यतामा आएको परिवर्तनसँगै कतिपय भाषा विकसित र परिवर्तन हुँदै आएको छन् भने कतिपय भाषा लुप्तसमेत भइसकेका छन् । भाषिक व्यवस्थाको ध्वनि, शब्द, वाक्य, व्याकरण र अर्थमा आएको परिवर्तनको अध्ययन गर्नु नै प्रस्तुत शोध लेखको प्रमुख प्राज्ञिक उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत शोध लेखमा द्वितीय स्रोतका तथ्याङ्कको रूपमा प्रकाशित भएका देश विदेशका विभिन्न विद्वान् तथा लेखकका लेख, रचना तथा अनुसन्धान र पाठ्यपुस्तकको सैद्धान्तिक अध्ययनको आधारमा उद्देश्यमूलक रूपमा गुणात्मक विधि प्रयोग गरी प्रस्तुत लेख तयार गरिएको छ । यसका लागि ऐतिहासिक भाषाविज्ञानको अध्ययनबाट वास्तविक भाषा परिवर्तनका कारण र तथ्यका आधारमा तथ्याङ्क सङ्कलन गरी नेपाली भाषाका ध्वनि, वर्ण, शब्द, व्याकरण र अर्थमा हुने परिवर्तनको तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि वर्ण परिवर्तन, ग्रिम, ग्रास्मन र भर्नरका नियम, ध्वनिविच्छेद र ध्वनिविलय, समीभवन, विषमीभवन, आगम, लोप, अर्थतात्त्विक परिवर्तन, व्याकरणिक परिवर्तन र सादृश्यमा सीमाङ्कन गरी नेपाली भाषामा भएका परिवर्तनको तथ्य प्रस्तुत गर्दै वर्णनात्मक र विश्लेषणात्मक रूपमा भाषिक परिवर्तनको अध्ययन गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

भाषा मानवीय तथा सामाजिक वस्तु भएकाले सामाजिक परिवर्तनसँगै भाषामा पनि परिवर्तन भइरहेको हुन्छ । भाषामा परिवर्तन आउँदा भाषिक एकाइमा परिवर्तन हुन्छ (गौतम र चौलागाई, २०७० : ३१५) । भाषिक एकाइमा ध्वनि, वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, र वाक्य पर्दछन् । भाषिक परिवर्तनमा ध्वनिपरिवर्तनको व्यवस्थित र वैज्ञानिक अध्ययन ऐतिहासिक तथा तुलनात्मक भाषाविज्ञानमा गरिन्छ । अङ्ग्रेजी भाषाको जीवित लिखित डकुमेन्ट सातौं शताब्दी A. D. को मात्र पाइन्छ (हकेट, सन् २००६ : ४६१) । यो ऐतिहासिक खोजमा आधारित छ । भाषा परिवर्तनको अध्ययन गर्न वृक्षारेख सिद्धान्त, तरङ्ग सिद्धान्तलाई सैदान्तिक अवधारणाका रूपमा लिइएको छ । यस सिद्धान्तअनुसार भाषाका ध्वनिहरू वृक्षबाट हाँगा विकसित भएझैं फरक फरक रूपमा परिवर्तित र विकसित हुँदै जाने प्रक्रियालाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने सिद्धान्त नै वृक्षारेख सिद्धान्त हो (युले, सन् २००६ : १८३) । यस सिद्धान्तले भाषाका बिचमा समानता देखिएकालाई एउटा शाखामा र असमानता देखिएकालाई अर्को शाखामा राखी भाषाशास्त्रीहरूले भाषाका पुर्खाहरूको समेत खोज गरेका छन् । जस्तै : भारोपेली भाषा परिवारको जर्मनिकमा, (डेनिस, अङ्ग्रेजी, जर्मन, नर्वेजिन), सेलटिकमा (गेलिक, आइरिस, वेल्स), इटालिकमा (ल्याटिन, फ्रेन्च, इटालियन, पोर्चुगइज, स्पेनिस), हेलेनिकमा (ग्रिक, आधुनिक ग्रिक), बाल्टो- स्लाभिकमा (बाल्टिक र साल्भिक) बाल्टिकमा (लात्भिया, र लिथुआनिया), स्लाभिकमा (चेज, पोलिस, रसियन, युक्रेन), भारत इरानेलीमा (इन्डिक, इरानीयन), इन्डिकमा (सँस्कृत, बङ्गाली, हिन्दी, पञ्जाबी) र इरानेलीमा (फारसी, कुर्दिस, पस्तो) पर्दछ । भाषिक परिवारमा

चार हजारदेखि छ हजारसम्म भाषा र अन्य विभिन्न व्यक्ति भाषाहरू रहेका छन् (युले, सन् २००६ : १८३) । भाषिक परिवर्तनका तरङ्ग सिद्धान्त भनेको पोखरी वा तलाउमा ढुङ्गा हान्दा जसरी पानीको तरङ्गहरू पैदा भई चारैतिर फैलिन्छ त्यसै गरी भाषिक परिवर्तन पनि एउटा निश्चित विन्दुबाट सुरु भई तरङ्गको गतिजैँ परसम्म फैलिएर पुग्छ (क्रिस्टल, सन् २००३ : ४९८) । भाषा परिवर्तन पनि नजिकका क्षेत्रमा बढी र टाढा हुँदा कम हुँदै जान्छ (बन्धु, २०७३ : १६८) । भाषा परिवर्तन सम्बन्धी यिनै सिद्धान्तलाई सैद्धान्तिक अवधारणा बनाई नेपाली भाषिक परिवर्तनलाई पुष्टि गरिएको छ ।

## भाषिक ध्वनि वा वर्ण परिवर्तन

भाषिक ध्वनि परिवर्तनलाई नियमबद्ध गर्ने भाषाविद्हरूमा ग्रिम, ग्रास्मर र भर्नरलाई मुख्य मानिन्छ । प्रत्येक भाषाका ध्वनि परिवर्तन हुन्छ भन्ने पहिलो सङ्केत गर्ने व्यक्ति डेनिस विद्वान् रास्क र जर्मन भाषाका महान् पण्डित याकोब ग्रिम हुन् । उनले सन् १८१९ मा जर्मन भाषाको एक व्याकरण प्रकाशित गरेका थिए भने सन् १८२२ मा दोस्रो संस्करणमा यस नियमको बारेमा विवेचना गरे । उनका नियमलाई ग्रिम नियम भनिन्छ (तिवारी, सन् १९९१ : ३६४) । उनले जर्मनेली भाषामा गरेको ध्वनिपरिवर्तन सम्बन्धी अध्ययनलाई ग्रिम सिद्धान्त भनी अघि ल्याउने व्यक्ति म्याक्समुलर हुन् । यस सिद्धान्तलाई जर्मनेलीमा ‘लाउटभर्सिबुङ’ र अङ्ग्रेजीमा ‘साउन्ड सिप्टिङ’ भनिन्छ (गौतम र चौलागाई, २०७० : ३३०) । ग्रिमका अनुसार जर्मन भाषाका प्रथम वर्ण परिवर्तन ई. पू. केही शताब्दी अघि र दोस्रो वर्ण परिवर्तन उत्तरी जर्मन जातिहरू ऐग्लो सैक्सन जातिबाट भिन्न हुने समयमा लगभग सातौँ शताब्दीमा भएको थियो । यी दुवैको कारण जातीय मिश्रण भएको कुरा ग्रिमले बताएका छन् (तिवारी, सन् १९९१ : ३६४) । ग्रिम नियमअनुसार मूल भारोपेलीका घोष अल्पप्राण व्यञ्जन ग, द, ब, जर्मनिक भाषामा अघोष अल्पप्राण क, त, प, मा परिवर्तन हुन गयो । मूल भारोपेलीका घोष महाप्राण घ, ध, भ, जर्मनिक भाषाका ग, द, ब, मा परिवर्तन भयो भने भारोपेली मूल भाषाका अघोष अल्पप्राण क, त, प, जर्मनिक भाषामा सङ्घर्षी अघोष महाप्राण ख, (ह), थ, फ र घ, ध, भ, मा परिवर्तन भएका छन् । मूल भारोपेली भाषाको व्यञ्जन संस्कृत तथा ग्रिक भाषामा सुरक्षित रहेको छ । अतः यसका उदाहरणमा मूल स्थानका संस्कृत वा ग्रिक शब्दलाई लिन सकिन्छ । यसमा परिवर्तित स्पर्श ध्वनिहरूको प्रतिनिधित्वका लागि जर्मनिक वर्गसँग अङ्ग्रेजी भाषाको शब्दलाई हेरौँ, जस्तै :

| संस्कृत | अङ्ग्रेजी | संस्कृत | अङ्ग्रेजी |
|---|---|---|---|
| ह > घ ग–हंस, | गूज (goose) | द > त, द्वो, | टु (two) |
| ध > द, विधवा, | विडो (widow) | ब > प, *स्लेउब, | स्लिप (sleep) |
| भ > ब, भातृ, | ब्रदर (brother) | क > ख, (ह) कद् | ह्वाट् (what) |
| ग > क, गो, | काउ (cow) | त > थ, दन्त, | टुथ (tooth) |
| प > फ, पिता, | फादर (father) | प > फ, पाद, | फुट (foot) |

यसरी पहिलो पटक जर्मनिक भाषाका वर्ण परिवर्तन भएर भारोपेली भाषाबाट जर्मनिक शाखा र अन्य शाखामा विभाजन भई भिन्न भएको थियो (तिवारी, १९९१ : ३६५) । भने दोस्रो पटक सातौँ शताब्दीमा जर्मनीहरू केही छुट्टिएर हिँडेपछि जर्मनी भाषा दुई भागमा विभाजन भई उच्च जर्मन र निम्न जर्मनमा विभाजित भए । हिँड्नेहरू निम्न जर्मन र त्यही बस्नेहरू उच्च जर्मन भए (गौतम र चौलागाई, २०७० : ३३२) । निम्न जर्मनहरू अङ्ग्रेजीको पूर्व विकासबाट पछि हटेपछि निम्न जर्मनमा ध्वनि परिवर्तन भएन तर उच्च जर्मनमा ध्वनि परिवर्तन भई उच्च र निम्न जर्मनको ध्वनिमा भिन्नता हुन गयो । उच्च जर्मनका ध्वनि क, त, ब = फ, थ, ख, मा र फ, थ, ख =

ब, द, ग, मा परिवर्तन भए (तिवारी, सन् १९९१ : ३६६) । ग्रिम नियमका अपवादमा रहेका ध्वनि परिवर्तनलाई ग्रास्मनले समाधान गर्ने प्रयत्न गरे । उनले भारोपेली मूल भाषा वा कुनै पनि भाषाका शब्द वा धातुको आदि वा अन्त दुवै स्थानमा दुई महाप्राण ध्वनि आउन नसक्ने तर दुई महाप्राण ध्वनि भएका ठाउँमा संस्कृत, ग्रिक आदि भाषामा एउटा महाप्राण रहेर अर्को अल्पप्राणमा परिवर्तन हुन्छ । जस्तै : संस्कृतको धातु परिवर्तन 'हु' = हुहोति, हुहुत, हुह्वती नभएर जुहोति, जुहुत, जुह्वति हुन्छ । यसैगरी संस्कृतको धातु 'भू'= भिभर्ति नभएर बिभर्ति हुनु यसैको कारण हो (बन्धु, २०७३ : १७७) । ग्रिम नियममा भर्नरको आफ्नो तर्क छ । उनले भारोपेली भाषामा क, त, ब, भन्दा अघि बलाघात हुँदा ख, थ, फ, हुन्छ भने क, त, ब, भन्दा पछि बलाघात भएमा क, त, ब, ध्वनिहरू ग, द, ब, मा परिवर्तन हुन्छ । जस्तै : संस्कृतको 'सप्त' र 'शतम' र जर्मनीमा 'सिबुन' र 'हुन्द' मा परिवर्तन भई 'प र त' ध्वनि 'ब र द' भएका छन् (तिवारी, सन् १९९१ : ३६७) । त्यसै गरी भोट बर्मेली परिवारको शेर्पा भाषाको मुक्त परिवर्तनमा 'प र ब' ध्वनि 'ब र म' ध्वनिमा परिवर्तन भएको पाइन्छ (शेर्पा, २०७६ : १३४) । यही प्रक्रियाबाट भारोपेली परिवारका शतम वर्गका आर्य–इरानेली परिवारका संस्कृत, प्राकृत र अपभ्रंश हुँदै उत्पत्ति भएकाले नेपाली भाषाका ध्वनिहरूमा परिवर्तन भएको छ ।

## व्यवस्थागत ध्वनिपरिवर्तन

भाषिक व्यवस्थामा हुने ध्वनिपरिवर्तन व्यवस्थागत ध्वनि परिवर्तन हो । यसमा ध्वनिविच्छेद र ध्वनिविलय पर्दछ । कुनै पनि भाषाका एक ध्वनि, दुई वा त्यसभन्दा बढी ध्वनिमा टुक्रिनु ध्वनिविच्छेद हो । यस प्रक्रियामा कुनै एउटा ध्वनि समयान्तरमा दुई र वा सो त्यसभन्दा बढी ध्वनिमा परिवर्तन हुन्छ (गौतम र चौलागई २०७० : ३३६) । जस्तै :

| **संस्कृत** | **निम्न जर्मन** | **अर्थ** | **ध्वनिविच्छेद** |
|---|---|---|---|
| पितृ | फादर | बुबा | ऋ > अर् |
| भ्रातृ | ब्रदर | भाइ | ऋ > अर् |
| गो | काउ | गाई | ओ > आउ |

यसमा संस्कृत भाषाका 'ऋ' र 'ओ' निम्न जर्मन भाषामा 'अर्' र 'आउ' भई ध्वनिविच्छेद भएर शब्द परिवर्तन भएका छन् । यसरी भएको ध्वनि परिवर्तनलाई ध्वनिविच्छेद भनिन्छ ।

कुनै पनि भाषामा भएका एक ध्वनि अर्को ध्वनिमा विलय हुने प्रक्रियालाई ध्वनिविलय भनिन्छ । यस प्रक्रियामा दुई भिन्न तर समान विशेषता भएका ध्वनि एकअर्कामा विलय भएर जान्छन् । जस्तै :

| **माझाली भाषिका** | **पुर्वेली भाषिका** | **ध्वनिविलय** |
|---|---|---|
| चिह्न | चिनो | ह्न न् |
| चुह्लो | चुलो | ह्ल > ल् |
| बाह्र | बार | ह्र > र् |

यस उदाहरणमा माझली भाषिकाका 'ह्न' र 'ह्ल' तथा 'ह्र' ध्वनि 'न्' 'ल्' तथा 'र्' ध्वनिमा विलय भएका छन् ।

## परिवेगत ध्वनिपरिवर्तन

परिवेशका आधारमा पनि ध्वनि परिवर्तन भएको पाइन्छ । यसमा समीभवन, विषमीभवन, विपर्यास, लोप र आगम रहेका छन् ।

### समीभवन

समको अर्थ समान वा तुल्य र भवनको अर्थ हुनु भन्ने हुन्छ । भाषाका संयुक्त व्यञ्जनहरू एकअर्काको प्रभावमा आएर आफूजस्तै बनाउने कार्यलाई समीभवन भनिन्छ । यी तीन प्रकारका छन् । प्रगत, परागत र पारस्परिक समीभवन । प्रगत समीभवन : अघिल्लो व्यञ्जनले पछिल्लो व्यञ्जनलाई आफूजस्तै बनाउनुलाई प्रगत समीभवन भनिन्छ (सिँजापति, २०५६ : ४८) । जस्तै : संस्कृतमा अग्नि > प्राकृतमा अग्गो > आगो, संस्कृतमा पक्व > प्राकृतमा पक्को > पाको । समीभूत ध्वनि ग् ← न्, र क् ← व् मा समीभूत भएका छन् । परागत समीभवन : पछिल्लो व्यञ्जनको प्रभावमा अघिल्लो व्यञ्जन उस्तै बन्न जाने प्रक्रियालाई परागत समीभवन भनिन्छ । जस्तै : संस्कृतमा भक्त > प्राकृतमा भत्त > भात, संस्कृतमा कर्म > प्राकृत कम्म > काम, संस्कृतमा धर्म > प्राकृत धम्म > धाम, संस्कृतमा ओष्ठ > प्राकृतमा ओठ्ठ > ओठ हुनु परागत समीभवन हो । यसरी परागत समीभवन हुँदा त् → क्, मा म् → र् तथा र् → म् अनि ष् → ठ् ध्वनिमा परिवर्तन भएर परागत समीभूत भएका छन् । पारस्परिक समीभवन : अगाडि र पछाडिको व्यञ्जन एकअर्काको प्रभावमा आएर अर्के वा दुवैभन्दा भिन्न तर समान रूपका व्यञ्जनमा परिणत हुन्छ भने त्यसलाई पारस्परिक समीभवन भनिन्छ । जस्तै : संस्कृतमा अद्य > प्राकृतमा अज्ज (आज), संस्कृतमा कार्य  प्राकृतमा कज्ज (काज), संस्कृतमा मध्य > प्राकृतमा मज्झ (माझ) प्राकृत भाषाका शब्द पारस्परिक समीभवन भएका छन् (बन्धु, २०७३ : १७९) ।

### विषमीभवन

भिन्नार्थबोधक 'विषम' शब्द र हुनु अर्थबोधक शब्दको योगबाट विषमीभवन निर्मित हुन्छ । यसले कुनै शब्दका दुई ध्वनिको संयोग हुँदा भिन्न ध्वनिमा परिवर्तन हुने कुरालाई सङ्केत गर्दछ । यसमा एकै प्रकारका दुई ध्वनि भिन्नै ध्वनिमा परिवर्तित हुन्छ (गौतम र चौलागाई २०७० : ३३९) । जस्तै : पिशाच > पिचास, गरुड > गडुर, झल्को > झजल्को, नजिक > नगिच, पतरी > टपरी, धाँधली > धाँदली आदिमा समान दुई ध्वनिको संयोग हुँदा भिन्न एउटा ध्वनि भिन्न ध्वनिमा परिवर्तित भएको छ ।

### विपर्यास

कुनै पनि अक्षर अथवा वर्णस्थान उल्टो पाल्टो भएर साटासाट हुने प्रक्रियालाई विपर्यास भनिन्छ । यस प्रकारका परिवर्तन लेख्यमा कम भए पनि कथ्यमा धेरै पाइन्छ । विपर्यास स्वर व्यञ्जन दुवैमा हुन्छ । जस्तै : अग्लो > अल्गो, विरामी > विमारी, करोड > कडोर, पागल > पगला  खस्रो > खर्सो आदि । यसमा शब्दभित्रका ध्वनिहरू एकआपसमा स्थानान्तरित भएका छन् । यसैलाई ध्वनि परिवर्तनको विपर्यास भनिन्छ ।

### आगम

आगम भनेको आउनु हो । कुनै शब्दको जुनसुकै ठाउँमा कुनै ध्वनि आएर थपिनु आगम हो (गौतम, २०४९ : ६८) । यसरी शब्दमा स्वर वा व्यञ्जन आएर थपिने प्रक्रियालाई आगम भनिन्छ । यसमा स्वर थपिए स्वरागम र व्यञ्जन थपिएर व्यञ्जनागम भनिन्छ । भाषाका इतिहासमा स्वरागम प्रायः आक्षरिक प्रणालीमा भएको परिवर्तनले गर्दा देखिन आउँछ (बन्धु, २०७३ : १८०) । स्वरागम र व्यञ्जनागम तीन प्रकारका पाइन्छन् । आदिस्वर वा व्यञ्जनागम, मध्य स्वरागम वा व्यञ्जनागम र अन्त्य स्वरागम वा व्यञ्जनागम । आदि स्वर वा व्यञ्जनागम :

स्कुल > इस्कुल, स्त्री > इस्त्री, असि> हसिया, अस्थि > हड्डी, आदि । मध्यस्वरागम वा व्यञ्जनागम : रक्त > रगत, अम्ल > अमिलो, शर्म > सरम, निद्रा > निन्द्रा, समुद्र > समुन्द्र पक्षी > पन्छी आदि । अन्त्य स्वरागम वा व्यञ्जनागम : गान् > गाना, इन्ट्रेस्ट् > इन्ट्रेस्ट, देह > देहत, पुच्छ > पुच्छर आदिमा स्वर र व्यञ्जन आगम भएर ध्वनि परिवर्तन भएका छन् ।

**अर्थतात्त्विक परिवर्तन**

कुनै पनि शब्दले आफ्नो अर्थलाई छाडेर नयाँ अर्थ लिएमा त्यसलाई अर्थपरिवर्तन भनिन्छ । भाषाविद्हरूले अर्थ परिवर्तन तीन प्रकारले हुने उल्लेख गरेका छन् (सिँजापति, २०५६ : ५१) । जस्तै : अर्थविस्तार, अर्थसङ्कोच र अर्थान्तर ।

**अर्थविस्तार :**

कुनै पनि सीमित अर्थ बुझाउने शब्दले व्यापक अर्थ बुझाउन लाग्यो भने त्यसलाई अर्थविस्तार भनिन्छ । कुनै शब्दले पहिले जे अर्थ बुझाउँथ्यो त्योभन्दा बढी अर्थ वहन गर्नु थाल्दछ । जस्तै : पहिले पहिले छोरीलाई 'चेली' भनिन्थ्यो तर आजभोलि दिदी, बहिनी र छोरीलाई 'चेली' भनिन्छ । पहिले तिल पेलेर निकालेको तरल पदार्थलाई 'तेल' भनिन्थ्यो तर हाल आएर इन्धनको रूपमा प्रयोग हुने तरल पदार्थलाई 'तेल' भनिन्छ । संस्कृतबाट नेपालीमा आएको कुशलको शब्दको अर्थ 'कुश' उखेल्न सिपालु भन्ने बुझाउँथ्यो तर हाल आएर सबै प्रकारका काममा सिपालु भन्ने अर्थमा 'कुशल' शब्दको अर्थविस्तार भएको छ ।

**अर्थसङ्कोच :**

अर्थसङ्कोच अर्थविस्तारको ठिक उल्टो अर्थ प्रक्रिया हो (गौतम र चौलागाई, २०७० : ३५०) । यसमा अर्थ परिवर्तन नभएर अर्थले ओगटेको क्षेत्रमात्र सीमित हुन्छ । जस्तै : पहिले 'मरिच' शब्दले पिरो पदार्थलाई जनाउँथ्यो तर हाल आएर खास पिरो पदार्थ मात्र जनाउँछ । पहिला 'गो' शब्दले हिँड्न सक्ने सबै प्राणीलाई जनाउँथ्यो तर आजभोलि नेपालीमा गाईलाई मात्र बुझाउँछ । पहिले 'श्राद्ध' शब्दले श्रद्धापूर्वक गरिने कामलाई बुझाउँथ्यो तर हाल आएर पितृलाई तर्पर्ण दिने कामलाई मात्र बुझाउने भई अर्थसङ्कोच भएको छ ।

**अर्थान्तर :**

कुनै शब्दले पहिलेको आफ्नो अर्थ छोडी अर्थमा फरक पर्न गयो भने त्यसलाई अर्थान्तर वा अर्थचाल पनि भनिन्छ (सिँजापति, २०५६ : ५१) । जस्तै : मद्यको अर्थ रक्सी हुन्थ्यो तर हाल आएर दही मथेर निस्केको रसलाई 'मद्य' भनिन्छ । सुखिमवासीको अर्थ नेपालबाट सुखिम वा सिक्किम गएर बस्ने हुन्थ्यो तर हाल आएर जायजेथा नभएकालाई सुकुमवासी भन्न थालियो । पहिले खड्ग भनेको हतियार हुन्थ्यो तर हाल आएर खड्गोको अर्थ दशा वा ठुलो विपत्ति हुन्छ । यसरी शब्दले आफ्नो अर्थलाई छोडी अर्कै अर्थ ग्रहण गर्नु नै अर्थान्तर वा अर्थचाल हो ।

**व्याकरणिक परिवर्तन वा सादृश्य :**

समय बित्दै जाँदा भाषाको व्याकरणमा पनि परिवर्तन आउँछ । व्याकरणमा परिवर्तन ल्याउने महत्त्वपूर्ण तत्त्व सादृश्य हो । सादृश्य भनेको समरूपता वा समानता हो । व्याकरण व्यवस्थामा परिवर्तन भन्नाले भाषाका रूप, शब्द, पदावली, वाक्य र वाक्यांशमा भएको परिवर्तनको सङ्केत हो । सामान्यतः भाषामा रहेका कुनै रूप वा बनोटको ढाँचामा नयाँ रूपको निर्माण नै सादृश्य हो । जस्तै : आइन्छ > परिवर्तित शब्द 'जाइन्छ' > हुनुपर्ने ' गइन्छ' हुन्छ । त्यस्तै गरी सुन्दरता > परिवर्तित शब्द 'सौन्दर्यता' हुनुपर्ने 'सौन्दर्य' हो । अपाङ्ग > परिवर्तित शब्द 'सपाङ्ग' हुनुपर्ने 'साङ्ग' हो ।

**लोप :**

भाषा परिवर्तन हुँदा कुनै शब्द हराउनु वा नासिएर लोप हुन्छ । चाँडो बोल्नु सरलता खोज्नु प्रवृत्तिले आदिवर्ण, मध्यवर्ण र अन्त्यमा वर्ण लोप हुन्छ (सिँजापति, २०५६ : ५०) । जस्तै : आदि स्वर वा व्यञ्जन लोप अबेर > बेर, उपाध्याय > पाध्या, अभ्यन्तर > भित्र, स्टेसन > टेसन, स्थापना >  थापना, । मध्यवर्ण लोप कपडा > कप्डा, सरकार > सर्कार, अलसी > अल्छी, हरदम > हर्दम, बहिनी > बैनी, सर्प > साँप आदि । अन्त्य स्वर वा व्यञ्जन लोप : कुनै शब्दको अन्त्य स्थानमा रहेको स्वर ध्वनिको लोप हुने प्रक्रियालाई अन्त्य स्वरलोप भनिन्छ । जस्तै : रात्रि > रात्, ओष्ठ > ओठ्, जाति > जात्, स्कन्ध > काँध रीति > रित्  फस्ट > फस् आदि भएर पनि ध्वनि परिवर्तन हुन्छ ।

**घोषीभवन :**

यसमा भाषाको अघोष ध्वनि घोषमा परिवर्तन हुन्छ भने त्यसलाई घोषीभवन भनिन्छ । जस्तै : काक > काग, पञ्चक > पञ्जा, एकादश > एघार, शाक > साग, भई यी सबैका अघोष ध्वनि क्, च्, क्, क् घोषध्वनि ग्, ज्, घ्, क् मा परिवर्तन भएका छन् ।

**अघोषीभवन :**

भाषाका घोष ध्वनि अघोषमा परिवर्तन हुने प्रक्रियालाई अघोषीभवन भनिन्छ । जस्तै : सबै > सपै, खुब> खुप, किताब > किताप, डन्डा > डन्टा, मदद > मदत, भई यी सबैका घोष ध्वनि ब्, ब्, ब, ड् अघोष ध्वनि प्, प्, प्, ट् मा परिवर्तन भएका छन् ।

**महाप्राणभवन :**

शब्दको अल्पप्राण ध्वनि महाप्राण ध्वनिमा परिवर्तन हुन्छ भने त्यस प्रक्रियालाई महाप्राणभवन भनिन्छ । जस्तै : कर्पार > खप्पर, वाष्प > वाफ, स्तन > थुन वृश्चिक > विच्छी, गृह > घर, भई यी सबैका अल्पप्राण ध्वनि क्, प्, त्, च्, ग् महाप्राण ध्वनि ख्, फ्, थ्, छ्, घ मा परिवर्तन भएका छन् ।

**अल्पप्राणभवन :**

महाप्राण ध्वनि परिवर्तन भएर अल्पप्राण बन्ने प्रक्रियालाई अल्पप्राणभवन भनिन्छ । जस्तै : बाघ > बाग, बुढो > बुडो, इट्ठ > इटा, जिभ्रो > जिब्रो, स्कन्ध > काँद, भई यी सबैका महाप्राण ध्वनि घ्, ढ्, ठ्, भ्, ध्, अल्पप्राण ध्वनि ग्, ड्, ट्, ब्, द् मा परिवर्तन भएका छन् ।

## निष्कर्ष

भाषिक परिवर्तनको अध्ययन गर्दा भाषिक ध्वनिका वर्ण, शब्द, पद, वाक्य र अर्थमा परिवर्तन भएको देखिन्छ । भाषिक परिर्वनका प्रमुख कारण समीभवन, विषमीभवन, विपर्यास, आगम, अर्थतात्विक परिवर्तन, अर्थविस्तार, अर्थसङ्कोच, अर्थान्तर, सादृश्य, लोप, घोषीभवन, अघोषीभवन, महाप्राणभवन र अल्पप्राणभवनका आधारमा नेपालीमा भाषिक व्यवस्थाको परिवर्तन भएको छ । भाषिक व्यवस्थागत ध्वनि परिवर्तनमा, संस्कृत पितृ > अङ्ग्रेजी फादर > बुबा, ध्वनि परिवर्तन ऋ > अर्, भएको छ । गो > काउ > गाई, ध्वनि ओ > आउ, मा परिवर्तन भएको छ । प्रगत समीभवन : संस्कृतमा अग्नि  प्राकृतमा अग्गो  आगो, संस्कृतमा पक्व  प्राकृतमा पक्को  पाको भई ध्वनि ग्  न्, र क् ← व् मा समीभूत भई ध्वनि परिवर्तन भएको छ । परागत समीभवन : संस्कृतमा भक्त > प्राकृतमा भत्त > भात, संस्कृतमा कर्म > प्राकृत कम्म > काम, हुनु परागत समीभवन हो भने पारस्परिक समीभवनमा : संस्कृत अद्य > प्राकृतमा अज्ज (आज), हुन्छ । विषमीभवन : पिशाच > पिचास, ।

विपर्यास : अग्लो > अल्गो, विरामी > विमारी । आगम : स्कुल > इस्कुल । पहिले छोरीलाई 'चेली' भन्नु र हाल दिदी, बहिनी र छोरीलाई 'चेली' भन्नु अर्थविस्तार हो । 'मरिच' शब्दले पिरो पदार्थलाई जनाउँथ्यो तर हाल आएर खास पिरो पदार्थ मात्र जनाउनु अर्थसङ्कोच हो भने सुखिमवासीको अर्थ नेपालबाट सुखिम वा सिक्किम गएर बस्ने हुन्थ्यो तर हाल आएर जायजेथा नभएको सुकुमवासी नेपाली भाषाको अर्थान्तर हुनु हो । सादृश्य : आइन्छ > परिवर्तित शब्द 'जाइन्छ' > हुनुपर्ने 'गइन्छ' हुन्छ । लोप : उपाध्याय > पाध्या । घोषीभवन : काक > काग । अघोषीभवन : सबै > सपै, महाप्राणभवन : कर्पार > खप्पर । अल्पप्राणभवन : बाघ > बाग, भई नेपाली भाषिक व्यवस्थामा परिवर्तन हुने निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सामग्री


कुक, भिभियन (१९९३). *लिङ्ग्विस्टिक्स एन्ड सेकेन्ड ल्याङ्गुएज एकुइजेसन.* इङ्ल्यान्ड : युनिभरसिटी अफ न्युक्यस्टल अपन टुने ।

क्रिटल, डेभिड (सन् २००३). *अ डिक्सनरी अफ लिङ्ग्विस्टिक्स एन्ड फोनेटिक्स.* लन्डन : ब्यालेकवेल्स पब्लिसिङ्ग लिमिटेड ।

गौतम, देवीप्रसाद (२०४९). *नेपाली भाषा परिचय.* पुलचोक : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाई (२०७०). *भाषाविज्ञान.* दोस्रो संस्करण, काठमाडौँ : पाठ्य सामग्री पसल ।

तिवारी, अर्जुन (२०१०). *हिन्दी भाषा, व्याकरण और रचना.* द्वितीय संस्करण, वाराणसी : विश्वविद्यालय प्रकाशन ।

तिवारी, भोलानाथ (१९९१). *भाषा विज्ञान,* बाउन्नौँ संस्करण. नयाँ दिल्ली : दरियागञ्ज, किताब महल ।

बन्धु, चूडामणि (२०६४). *भाषाविज्ञानका सम्प्रदाय.* तेस्रो संस्करण, काठमाडौँ : एकता बुक्स, डिस्ट्रिब्युर्ट, प्रा.लि. ।

बन्धु, चूडामणि (२०७३). *भाषविज्ञान.* नवौँ संस्कारण , ललितपुर : साझा प्रकाशन ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८). *भाषाविज्ञान.* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

युले, जर्ज (सन् २००६). *द स्टडी अफ ल्याङ्गुएज.* तेस्रो संस्करण, नयाँ दिल्ली : क्याम्ब्रिज यूनिभरसिटी प्रेस ।

ल्याडो, रोबर्ट (१९६५), *ल्याङ्गवयुएज टेस्टिङ;* चौथो संस्करण, लन्डन : लङ्गम्यान ग्रिन एन्ड क. लि. ।

ल्योन्स, जोहन (१९८१). *ल्याङ्गवेज एन्ड लिङ्ग्विस्टिक्स.* लन्डन : क्याम्ब्रिज यूनिभरसिटी प्रेस ।

वार्डहाफ, रोनाल्ड (२००६). *अन इन्टरडक्सन टु सोसियोलिङ्ग्विस्टिक्स. फिप्थ इडिसन,* युयसए : ब्लकवेल्स पब्लिसिङ्ग ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन्, २०१३). *हिन्दी भाषाका समाजशास्त्र.* तेस्रो संस्करण, नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन प्रा.लि. ।

शर्मा, देवेन्द्रनाथ र शर्मा, दीप्ति (२०१३). *भाषाविज्ञानकी भूमिका.* सातवीं आवृत्ति, नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन, प्राइभेट लिमिटेड ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *आधुनिक भाषाविज्ञान.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शेर्पा, दावा (२०७६). *शेर्पा र नेपाली भाषाको व्यतिरेकी विश्लेषण.* प्रस्तुत विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

शेर्पा, दावा (२०७७). *भाषाविज्ञान र नेपाली भाषा.* सन्दर्भग्रन्थ, काठमाडौँ : क्रिएटिभ लिङ्क प्रा. लि. ।

सिँजापति, रामविक्रम (२०५६). *भाषा परिचय.* तेस्रो संस्करण, पुलचोक : साझा प्रकाशन ।

हकेट, चार्लेस एफ. (२००६). *अ कोर्स इन मोडर्न लिङ्ग्विस्टिक्स.* इन्डिया : सुरजित पब्लिकेसन ।